## अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४   संख्याः१      मितिः २०८०/०१/०३

**भाग-२**

## अन्नपूर्ण गाउँपालिका


कर्मचारी अवकाश ( उपदान) सेवा संचालन कार्यविधि, २०७८

**कर्मचारी अवकाश ( उपदान) सेवा संचालन कार्यविधि, २०७८**

नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्थापन गरी समयानुकुल सेवा प्रवाह गर्न र स्थानीय तहको काम कारवाहीलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामूखी बनाउदै विगत लामो समयदेखि साविक स्थानीय निकायको सेवामा समर्पित भै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साविक स्थानीय निकाय (गाविस, नगरपालिका र जिविस) तर्फका स्थायी कर्मचारीहरुको अवकाशपछि पाउने उपदान रकमलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस कार्यविधिको नाम ‘‘कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०७८’’ रहेको छ।

(२) यो कार्यविधिकर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४८ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका नियम २६४ चौथो संशोधन, नियम २६५, २६६, २६७ र २६८ बमोजिमका कर्मचारीहरुमा मात्र लागू हुनेछ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) ‘‘कार्यविधि’’ भन्नाले कर्मचारी अवकाश (उपदान) सेवा संचालन कार्यविधि, २०७८ सम्झनु पर्छ।

(ग) ‘‘उपदान’’ भन्नाले तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४८ र २५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ बमोजिम प्राप्त गर्ने उपदानलाई सम्झनु पर्छ।

(घ) ‘‘कर्मचारी कल्याण कोष’’ भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिका कार्यालयले स्थापना गरेको कोष ’’ लाई सम्झनु पर्छ।

(ङ) ‘‘उपचार खर्च’’ भन्नाले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तत्कालीन स्थानीय निकायका कर्मचारीहरुलाई उपलव्ध गराइने उपचार खर्चलाई सम्झनु पर्छ।

(च) ‘‘कार्यपालिका’’ भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले गाउँपालिकाको संगठन संरचनामा रहेको महाशाखा/शाखा/उपशाखाका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

(ज) "स्थानीय निकाय" भन्नाले साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) "स्थानीय कर्मचारी" भन्नाले साविक जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्ति भई "कर्मचारी समायोजन ऐन २०७५" बमोजिम अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्था

**३.उपदानः** पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको स्थानीय कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराइ पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउने छ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको आधा महिनाको तलव बराबरको रकम,

(ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको एक महिनाको तलव बराबरको रकम,

(ग) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको डेढ महिनाको तलव बराबरको रकम,

(घ) बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाई पाई आएको दुई महिनाको तलव बराबरको रकम,

(ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलव बराबरको रकम।

**४.योगदानमा आधारित उपदान**ः स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ९१ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० बमोजिमको कर्मचारीको योगदान सम्बन्धी रकम सो ऐन लागू भएपछि स्थानीय तहमा नियुक्त भएका स्थायी कर्मचारीहरुलाई मात्र लागु भएको मानिने छ।

**५.कर्मचारी कल्याण कोष**ः कर्मचारी कल्याण कोषमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम तत्कालीन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई उपदान, औषधि उपचार, विदा बापतको रकम भुक्तानी गर्नु पर्दछ । स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नु पर्दछ।

**६. औषधि उपचार खर्च**ः स्थानीय तहमा समायोजन भएका कर्मचारीले सेवा अवधि भरमा अधिकृतस्तरको कर्मचारी भएमा बाह्र महिना बराबरको र सहायकस्तरको . कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलव रकमसम्म उपचार खर्च वापत पाउने छ।

**७. वीमा सम्बन्धी ब्यवस्था**ः स्थानीय तहले स्थानीय तहका कर्मचारी र सो तहबाट समान रकम व्यहोर्ने गरी वीमा सम्बन्धी आवश्यक व्यवस्था गराउनु पर्नेछ।

**८. विदाको रकम भुक्तानी :** स्थानीय तहका कर्मचारीहरुलाई प्रचलित ऐन कानून अनुसार कर्मचारीको संचित विदा वापतको रकम भुक्तानी गरिने छ।

९. स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी बिदा, घर बिदा लगायतका सुविधा संघीय र प्रादेशिक कानुनहरुलाई आधार मानी गणना गरिनेछ।

**१०. बाधा अडकाउ फुकाउने**ः–

(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आदेश पत्र जारी गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ।

**११. खारेजी र बचाउ**ः–

(१) यो कार्यविधि साविक स्थानीय निकाय (जिविस, गाविस, नगरपालिका) बाट स्थायी नियुक्ति भई अन्नपूर्ण गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुमा मात्र लागू हुनेछ।

(२) कार्यविधि नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

(३) संघीय ऐन, कानुन बनेको हकमा सोही ऐन कानुनको अधिनमा रही सोही ऐन कानुन अनुसार नबाझिएको हदसम्म परिमार्जन गर्न सकिने छ।

कार्यपालिकाबाट पारित मिति : २०७९।०२।३०

राजपत्रमा प्रकाशित मिति : २०८०।०१।०३

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत